# कार्यपालिकाको तेह्रौं बैठकको निर्णयहरु ( २०७९/०९/२५)

**निर्णय नं. १:-** विधायन समितिबाट पोखरा महानगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) विध्येयक, २०७९ माथि विस्तृत छलफल भै सर्वसहमतीले पारीत भै स्वीकृतिका लागि नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो । विध्येयक अनुसूची- १ मा संलग्न छ ।

**निर्णय नं. २:-** विधायन समितिबाट पोखरा महानगरपालिकाको सहकारी ऐन, २०७५ दोस्रो संशोधन विधेयक, २०७९ माथिको प्रस्ताव माथि विस्तृत छलफल भै सर्वसहमतीले पारीत भै स्वीकृतिका लागि नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो । संशोधन विध्येयक अनुसूची- २ मा संलग्न छ ।

**निर्णय नं. ३:-** विधायन समितिबाट प्राप्त पोखरा महानगरपालिका सहकारी नियमावली, २०७६ दोस्रो संशोधन, २०७९ प्रस्ताव माथि छलफल भै सर्वसहमतीले स्वीकृत भयो । संशोधन प्रस्ताव अनुसूची -३ मा संलग्न छ ।

**निर्णय नं.४:-** चालु आ.व. मा विनियोजन भएका देहायका कार्यक्रम तथा योजनाहरुमा देहाय बमोजिम रकमान्तर/ योजना संशोधन स्वीकृत गर्ने र अनुमोदनका लागि नगर सभामा पेश गर्ने । रकमान्तर/ योजना संशोधन अनुसूची- ४ मा संलग्न छ ।

**निर्णय नं. ५:-** विभिन्न वडा बाट सिफारिस भई आएका देहायका योजनाहरु चालु आ.व.को अनुसूची- ५ मा थप गर्ने र उपलव्ध स्रोतबाट प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने ।

**निर्णय नं. ६:–** पोखरा महानगर क्षेत्रको फोहोर मैला संकलन गर्ने साझेदार देहायका कम्पनीहरुको महानगरपालिका सँग भएको सम्झौताको म्याद मिति २०७९ पौष मसान्तमा समाप्त भएको र फोहोर संकलन तथा व्यवस्थापन गर्ने अर्को बैकल्पिक व्यवस्था भई नसकेको हुँदा २०७९ पौष मसान्त सम्मको महानगरपालिकालाई बुझाउनुपर्ने रकम भुक्तानी गरेका साझेदार कम्पनीसँगको सम्झौताको म्याद समाप्त भएको मिति २०७९/१०/०१ देखि ३ महिनाको सम्झौता अवधि थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :-** वडा नं. १९ को तल्लो बजार क्षेत्रमा स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्र नभएको हुँदा देहायको कर्मचारी रहने र मौजुदा जनशक्तिबाट संचालन हुने गरि शहरी स्वास्थ्य केन्द्र स्थापना गरि आधारभुत स्वास्थ्य सेवा उपलव्ध गराउने व्यवस्था मिलाउने ।

| | |
|---|---|
| हेल्थ असिस्टन्ट - | १ |
| असिस्टेन्ट हेल्थ असिस्टन्ट - | १ |
| अ.न.मी - | १ |
| कार्यालय सहयोगी - | १ |

**निर्णय नं. ८ :-** यस महानगरपालिकामा लामो समयदेखि अस्थाई, करार, सेवा करारमा कार्यरत कर्मचारीहरुलाई करार मुक्त गर्न विशेष सुविधा सहितको **पोखरा महानगरपालिका स्वर्णीम अवकाश योजना सम्बन्धी कार्यविधि,**

निबेदन बमोजिम उक्त फर्मले भुक्तानी लिएको Mobilisation पेश्की फिर्ता गरि सुविस्ताको आधारमा ठेक्का सम्झौता अन्त्य गरि र धरौटी फुकुवा गर्ने ।

(१) Contract id 88 Pmc Re NCB/W 078-079 नाला निर्माण माछापुच्छ्रे सडक फेज २, पोखरा -१९ सम्झौता रकम रु. २०२७१४४/५९

(२) सराङ्गकोट कास्कीकोट नौडाडा रिसिलिंग (0+000 -10+600) PMC-18-24) Contract id 77/PMC/NCB/W/078-079 सम्झौता रकम रु. ३२,०८,९२९/७२

(३) फुटपाथ तथा नाला निर्माण कार्य ग्रैह्वापाटन पालिखे चोक देखि वडा कार्यालय सम्म पोखरा-४ Contract id 100/PMC/NCB/ W /078-079 सम्झौता रकम रु. ९१,८४,९१०/७२

निर्णय नं.१७ :- पोखरा महानगरपालिकाका देहायको योजना महानगरपालिकाको स्रोतबाट मात्र कार्यान्वयन हुन नसक्ने भएकाले संघिय सरकार राष्ट्रिय योजना आयोगमा चालु आ.व. मा कार्यान्वयन हुने गरि बजेट व्यवस्थापन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | अनुमानित बजेट रु. |
|---|---|---|
| १ | दोपहरे पण्डितको टारी हुँदै खास्टेखोलाको पुल सम्म वडा नं.- २७ | ९,५९००००० /- |
| २ | लामाचौर माछापुच्छ्रे सडक वडा नं. -१९ | ५,००,००००० /- |

निर्णय नं.१८ :- पोखरा महानगरपालिकाको आर्थिक ऐन, २०७९ प्रथम संशोधन विधेयक, २०७९ मा देहाय बमोजिम संशोधन गर्न नगर सभामा स्वीकृतिको लागि पेश गर्ने । विधेयक अनुसूची-७ मा संलग्न छ ।

निर्णय नं.१९ :- पोखरा महानगरपालिकाका जनप्रतिनिधिहरु एक कार्य अवधिमा एक पटक पोशाक उपलब्ध गर्न प्रत्येक वडाका ५ जना जनप्रतिनिधिको लागि रु. ५१०००/-( एकाउन्न हजार) का दरले वडा कार्यालयमा निकाशा दिने र अन्य जनप्रतिनिधिहरुको पोशाक बापतको रकम महानगरपालिकाबाट भुक्तानी दिने व्यवस्था मिलाउने ।

निर्णय नं.२० :- यस महानगरपालिकाले फोहर व्यवस्थापन गर्दै आएको वडा नं. १४ को बाच्छे बुडुवामा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको कारण फोहर विसर्जन कार्य बन्द गरिएकाले फोहर व्यवस्थापनको लागि अन्यत्र स्थान खोजी गर्दा आवश्यक सार्वजनिक पर्ती जग्गा नभेटिएकोले फोहर व्यवस्थापनको लागि स्थायी स्थान छनौट गरि प्रतिबेदन पेश गठित वडा नं. ३३ का वडाध्यक्ष श्री रामचन्द्र अधिकारीको संयोजकत्वको कार्यदलले सिफारिस गरेको वडा नं. ३३ को देब्रेबर झाँक्री खोला क्षेत्रमा केहि नीजि जग्गा खरिद गर्दा केहि सार्वजनिक पर्ती जग्गा उपयोग गर्न मिल्ने भएको र चालु आ.व. २०७९/०८० को बजेट कार्यक्रममा

**सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने ।** कार्यविधि अनुसूची-६ मा संलग्न छ । यस अघि कार्यपालिकाको पाँचौं बैठकले स्वीकृत गरेको यस सम्बन्धि कार्यविधि खारेज गर्ने निर्णय गरियो ।

__निर्णय नं. ९ :__- उल्लिखित अवकाश योजनामा भाग नलिने करारका कर्मचारीको महानगरपालिकाले स्वीकृत गरेको संगठन संरचना अनुसार जुनसुकै किसिमले स्थायी कर्मचारीबाट पदपुर्ती हुँदाका बखत कनिष्ठताका आधारमा करारको म्याद स्वतः समाप्त हुनेछ ।

यसरि करारको म्याद समाप्त हुने कर्मचारीले कुनै सुबिधा पाउने छैन ।

__निर्णय नं. १० :__- निर्णय नं. ९ बमोजिमको अवकाश योजनामा सहभागि नहुने करारका कर्मचारीहरुको करार सम्झौताको म्याद करार समाप्त भएको मिति २०७९/१०/०१ देखि निर्णय नं. ९ लागु हुने गरि ६ महिना थप गर्ने ।

__निर्णय नं. ११ :__- पोखरा महानगरपालिका वडा नं. २७ को दोपहरे देखि पण्डितको टारी हुँदै खास्टेखोला पुल सम्म पक्की सडक निर्माण योजना अति आवश्यक भएको र महानगरपालिकाको स्रोत साधन अभाव भएकाले सो योजना चालु आ.व.मा कार्यान्वयन गर्न योजना स्वीकृति तथा बजेट व्यवस्थापनको लागि राष्ट्रिय योजना आयोगमा सिफरिस गरि पठाउने ।

__निर्णय नं. १२ :__- पोखरा महानगरपालिकाका जनप्रतिनिधिहरु बैठकमा आउंदा पोशाकमा एकरुपता कायम गर्न जनप्रतिनिधिहरुलाई एक कार्य अवधिमा एक पटक पोशाक उपलव्ध गराउने र सो को लागि चालु आ.व. को भैपरी आउने चालु शीर्षकबाट रकमान्तर गरि सम्बन्धित वडामा निकाशा दिने ।

__निर्णय नं. १३ :__- पोखरामा उत्सर्जित फोहोरमैला प्रशोधन तथा व्यवस्थापन गर्ने जग्गा खरिद गर्ने प्रयोजनको लागि आवश्यक व्यवस्था मिलाउन लैण्डफिल जग्गा सिफारिस सहजीकरण समितिका संयोजक एवं वडा नं. ३३ का अध्यक्ष श्री रामचन्द्र अधिकारीलाई सम्बन्धित शीर्षकबाट रु. ५५ लाख पेश्की उपलव्ध गराउने ।

__निर्णय नं. १४ :__- पोखरा महानगरपालिकामा कार्यरत कर्मचारीहरुलाइ गण्डकी प्रदेश सरकारले जारी गरेको **"स्थानीय सेवाको गठन, संचालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७९"** ले गरेको स्तर बृद्धि सम्बन्धी व्यवस्था बमोजिम स्तर बृद्धि तथा तह मिलान गर्ने ।

__निर्णय नं. १५ :__- आ.व. २०७८/०७९ को LISA को प्रतिबेदन जिल्ला समन्वय समिति कास्कीमा पठाईएकोमा तहाँबाट प्राप्त Feedback (पृष्ठपोषण) प्रतिबेदन अनुमोदन गर्ने र सो अनुसार मुल्यांकन कार्य गर्ने ।

__निर्णय नं.१६ः__- पोखरा महानगरपालिकाको देहायको निर्माण कार्य गर्न ठेक्का लिएको निर्माण व्यवसायी कम्पनी - Asian Construction and Engineering Consultant ठेक्का सम्झौता भएकोमा हालसम्म काम शुरु नगरेको र फर्मका प्रोपाईटर खेमराज आचार्य महानगरपालिकामा करारमा नियुक्त भई नगरप्रमुखको स्वकिय सचिवालयमा कार्यरत रहेकोमा व्यक्तिगत स्वार्थ बाझिने भएकाले निजले ठेक्का रद्द गरि पाउँ भनि दिएको

लैण्डफिलको लागि जग्गा खरिद गर्न मुआब्जाको लागि रु. २ करोड रकम विनेयोजन भएकाले देहाय बमोजिमको नीजि जग्गा खरिद गर्न जग्गा प्राप्ती ऐन, २०३४ (संशोधन सहित) को दफा ३क. को व्यवस्था बमोजिम जग्गा प्राप्त गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

| क्र. सं. | जग्गा धनिको नामथर | बाजे/पिता/पति | सविक वडा | कि.नं. | क्षेत्रफल रोपनी | क्षेत्रफल व.मि. | जग्गाको किसिम | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री अजय थापा | रणविर/रुद्र बहादुर | भरतपोखरी १ | ३८६ | १-२-१-२ | ५८४.२५ | खेत/सीम | |
| | | | | ३८८ | १-३-०-० | ६०४.११ | खेत/सीम | |
| | | | | ३९१ | ०-४-३-२ | १५४.९९ | खेत/सीम | |
| २. | श्री विश्वराज पाण्डे | उमानाथ/दधिराम | भरतपोखरी १ | ९१८ | ३-९-२-३ | १८३४.१० | खेत/सीम | |
| | | | | ९१७ | २-३-१-३ | ११२६.७७ | खेत/सीम | |
| | | | | ९२० | ०-१५-२-१ | ४९४.७७ | खेत/सीम | |
| ३. | श्री देवराज पाण्डे<br>श्री देवराज पाण्डे<br>श्री देवराज पाण्डे | उमनाथ/दधिराम | भरतपोखरी १ | ९१९ | ३-९-३-० | १८३६.१८ | खेत/सीम | |
| | | | | ९२१ | ०-१५-२-१ | ४९४.७७ | खेत/सीम | |
| | | | | ९१६ | २-३-२-० | ११२८.७५ | खेत/सीम | |
| ४. | श्री कृष्ण बहादुर थापा समेत | उदय बहादुर/हिम बहादुर | भरतपोखरी १ | ८४० | ०-१४-२-३ | ४६७.०१ | खेत/दोयम | |
| | | | | ८४३ | ०-१५-२-० | ४९२.८४ | खेत/दोयम | |
| ५. | श्री चेतक बहादुर थापा समेत | उदय बहादुर/हिम बहादुर | भरतपोखरी १ | ३७६ | ७-०-३-० | ३५८५.०३ | खेत/सीम | |
| | | | | ८४१ | ०-१४-२-३ | ४७६.०१ | खेत/दोयम | |
| | | | | ८४२ | ०-१५-२-० | ४९२.८४ | खेत/दोयम | |
| ६. | श्री सन्त बहादुर थापा | रणभिम/कृष्णबहादुर | भरतपोखरी १ | ३८७ | १-१-१-३ | ५५४.४५ | खेत/सीम | |
| | | | | ३९० | १-९-०-० | ७९४.९१ | खेत/सीम | |
| ७. | श्री मनधरी थपेनी | पति धर्म बहादुर | भरतपोखरी १ | ४०८ | १०-१५-३-३ | | पाखा/ दोयम | |
| ८. | श्री धन बहादुर थापा | सर्वजीत/भिम बहादुर | भरतपोखरी १ | ४१५ | ६-६-१-२ | ३२५५.१४ | खेत/सीम | |
| | | | | ४१७ | २-१५-३-३ | १५२४.२३ | खेत/सीम | |
| | | | | ४२१ | १-१२-०-२ | ८९४.२७ | खेत/सीम | |
| | | | | ७१२ | ०-४-१-० | १३५.१३ | खेत/सीम | |
| ९. | श्री चिजा थापा क्षत्री | पति लाल बहादुर | भरतपोखरी १ | ४०५ | १-४-२-२ | | खेत/दोयम | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १०. | श्री विजय /प्रविण आचार्य | बाबु परशुराम | भरतपोखरी १ | ३८५ | २-०-०-१ | १०१९.४७ | पाखोबारी | |
| | | | | ३९२ | २-१२-१-२ | १४१०.८९ | पाखोबारी | |
| | | | | ३९४ | १-३-१-१ | १४१०.८९ | पाखोबारी | |
| ११. | श्री भेषराज अधिकारी | पूर्णदिप/लिला प्रसाद | भरतपोखरी १ | ४१० | ६-१४-२-१ | | खेत/दोयम | |
| १२. | श्री नरजंग दुरा | लक्ष्मन दुरा/कृष्ण बहादुर दुरा | भरतपोखरी १ | ९७९ | ३-१३-०-१ | १९४१.४८ | खेत/दोयम | |
| १३. | श्री ओम बहादुर दुरा | राम बहादुर/कृष्ण बहादुर दुरा | भरतपोखरी १ | ९७८ | ३-१३-०-१ | १९४१.४८ | खेत/दोयम | |
| १४. | श्री बुद्धि बहादुर दुरा | लक्ष्मन दुरा/कृष्ण बहादुर दुरा | भरतपोखरी १ | ९७७ | ३-१३-०-१ | १९४१.४८ | खेत/दोयम | |
| १५. | श्री धर्म बहादुर थापा | गंग बहादुर थापा/उदय बहादुर थापा | भरतपोखरी १ | ७४० | ०-१३-०-२ | | खेत/दोयम | |
| | | | भरतपोखरी १ | ३९३ | २-३-१-० | | खेत/दोयम | |
| | | | भरतपोखरी १ | ४०४ | ०-७-०-० | | खेत/दोयम | |
| | | | भरतपोखरी १ | ३८४ | १-१२-१-३ | | खेत/सिम | |
| १६. | श्री नारायण बहादुर क्षेत्री | जय बहादुर/उदय बहादुर | भरतपोखरी १ | ३६८ | २-१-०-३ | १०५५.२४ | खेत/दोयम | |
| | | | भरतपोखरी १ | ३९५ | १-९-२-२ | ८४४.७३ | खेत/दोयम | |
| १७. | श्री मन कुमारी थापा | गंग बहादुर थापा/उदय बहादुर थापा | भरतपोखरी १ | ३८२ | ०-१०-०-१ | ३१९.८९ | खेत/दोयम | |
| | | | भरतपोखरी १ | ७३९ | ०-१३-०-२ | ४१७.२५ | खेत/दोयम | |
| | | | भरतपोखरी १ | ७४१ | ०-४-१-२ | १३९.०९ | पाखो/दोयम | |
| | | | भरतपोखरी १ | ३९६ | २-१०-१-० | १३४३.३३ | खेत/दोयम | |
| | | | भरतपोखरी १ | ४०६ | २-४-२-२ | ११६४.५२ | खेत/दोयम | |